
स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नेपाली फिल्म क्षेत्रमा कलाकारलाई विभिन्न 'ट्याग' दिने प्रचलन बढ्दो छ । 'महानायक', 'मेगास्टार', 'सुपरस्टार' जस्ता ट्यागबाट नेपाली कलाकारहरु सुशोभित भैसकेका छन् । केहीलाई दिइएको 'ट्याग' दर्शकले स्वीकार पनि गरेका छन् भने केहीलाई सीमित फिल्मकर्मीहरुले मात्र मान्ने गरेको देखिन्छ । कलाकारलाई दिइने 'ट्याग'को औचित्यमाथि बेला बखतमा बहस पनि भैरहेको हुन्छ ।

**आजको विचार...**



यसो...
(दुई पेजमा)

पदम न्यौपाने

बलियो 'स्टारकास्ट' लिएर फिल्म 'जेरी अन टप'को छायांकन सुरु गरिएको छ । सोमबार बिहान पाटनस्थित बगलामुखी मन्दिरमा फिल्मको शुभ मुहूर्त गरेपछि निर्माण टिम छायांकनमा निस्किएको हो। मुहूर्तमा फिल्मका मुख्य कलाकारहरु केदार घिमिरे (माग्ने बुढा), विपना थापा, अनमोल केसी, आँचल शर्मा, जसिता गुरुङ लगायतको उपस्थिति थियो । मुहूर्तअघि बगलामुखी मन्दिरमा फिल्मका कलाकारहरु विशेष पूजाआजामा सहभागी भएका थिए ।



❒ वर्ष ३० ❒ अंक १०१ ❒ २०८१ कार्तिक १४ गते बुधबार 30 October 2024, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# तिहार सुरू, आज काग तिहार

**सीमा भट्टराई**

**पाल्पा,** कार्तिक १३/नेपालीहरुको दोस्रो ठूलो चाड तिहार सुरु भएको छ । प्रत्येक वर्ष कात्तिक कृष्ण त्रयोदशीदेखि सुरु हुने यमपञ्चक अर्थात् तिहार मंगलबारदेखि विधिवत् रुपमा सुरु भएको हो ।

यमपञ्चकको दोस्रो दिन आज काग तिहार हो । कार्तिक कृष्ण त्रयोदशीमा सूर्योदय भएका दिन काग तिहार मनाइन्छ । मंगलबारदेखि यमपञ्चक सुरु भए पनि आज काग तिहार परेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । कागलाई यमदूतको रुपमा पनि पुज्ने चलन रही आएको छ । यमराजले मानिसको मृत्युपछि उसको कर्मका आधारमा सजाय दिने हुनाले कागले सहि सन्देश देओस् भन्ने हेतुले कागबली दिने चलन छ ।

अत्यन्त चलाख पक्षीका रुपमा रहेको कागलाई सन्देशको बाहक मानिन्छ । कागलाई मिठा मिठा खानेकुरा खान दिई पुजा गरेर काग तिहार मनाइने चलन छ । पौराणिक कथा अनुसार कागले सन्देशवाहकका रुपमा मानवजातिलाई सहयोग गरेको मान्यता अनुसार कागलाई पुज्ने गरिन्छ । काग सर्वभक्षी प्राणी हो । यसको पूजा गर्नुका विभिन्न कारण छन् । कागले सबैलाई समान दृष्टिले हेर्छ भने यसले अन्नबालीमा लाग्ने कीरा-फट्याङग्राहरू खाइदिन्छ ।



कागलाई हाम्रो समाजमा प्रचलित काकगवेषणा, काकन्याय, काकबलि आदि विभिन्न शब्दले जोड्ने गरिन्छ । खुसीयाली र उमङ्ग बोक्ने चाड तिहारमा देउसी भैलीको रमझम, घर-घरमा गरिने दीपावली, विभिन्न फुलको प्रयोग, विभिन्न पशुपंक्षीको पुजा एवं दाजुभाई तथा दिदी बहिनीको माया स्नेह यो चाडले झल्काउने गरेको छ ।

यसैगरी आजै धनवन्तरी जयन्ती पनि मनाइन्छ । यमदीपदान परिवारका सदस्य संख्याका आधारमा गरिन्छ । कार्तिक कृष्ण त्रयोदशीदेखि कार्तिक शुक्ल द्वितीया अर्थात् भाइटीकाका दिनसम्म यमदीपदान गर्ने शास्त्रीय विधि छ ।

**भाइटीकाको शुभ साइत ११:३७ बजे**

यस वर्षको भाइटीकाको साइत यही कात्तिक १८ गते आइतबार बिहान ११:३७ बजे रहेको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । भाइटीका लगाउँदा पश्चिम मोहडा गरेर लगाउनुपर्ने छ । नेवार समुदायले मनाउने किजापूजा पनि त्यसै दिन गर्नुपर्ने जनाइएको छ । यस वर्षको यमपञ्चक अर्थात् नेपालीको दोस्रो ठूलो चाड तिहार कात्तिक १३ गते मंगलबारदेखि सुरु भएको हो । मंगलबार धनत्रयोदशी (धनतेरस) पर्व मनाइएको छ । यमदीपदान भने कात्तिक १४ गते अर्थात् आज परेको छ । कागतिहार पनि बुधबार नै मनाउनुपर्ने समितिले जनाएको छ । आयुर्वेदका प्रवर्तक धन्वन्तरीजयन्ती पनि बुधबार नै मनाइन्छ । कुकुर तिहार, नरक चतुर्दशी, दीपमालिका र लक्ष्मीपूजा पनि कात्तिक १५ गते बिहीबार मनाउनुपर्छ ।

कात्तिक १६ गते शुक्रबार औँशी परेको छ । त्यस दिन भने तिहारको कुनै पर्व नपरेको समितिले सोमबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ । कात्तिक १७ गते शनिबार गाईगोरु पूजा, गोवर्द्धन पूजा, बलि पूजा, हलीतिहार, म्हपूजा र नेपाल संवत् ११४५ प्रारम्भ पनि परेको छ । यसैगरी कात्तिक २२ गते बिहीबार छठ पर्व परेको पनि समितिले जनाएको छ ।

## संक्षिप्त समाचार

### हमलामा ५५ जनाभन्दा बढीको मृत्यु

**(रासस/सिन्ह्वा)**

**गाजा पट्टी,** १३ कार्तिक/ गाजाको उत्तरी जिल्ला बेत लाहियाको आवासीय भवनमा मंगलबार भएको इजरायली हमलमाा ५५ जनाभन्दा बढीको मृत्यु भएको नागरिक सुरक्षा एजेन्सीले जनाएको छ ।

मंगलबार राति बेत लाहियाकामा इजरायलले प्रहार गर्दा अबु नस्र परिवारको आवासीय भवनको भग्नावशेषमा उनीहरूको मृत्यु हुनुका साथै दर्जनौं घाइते भएको एजेन्सीका प्रवक्ता महमुद बासलले बताए । हमलामा मृत्यु भएका १५ जनाको शव कमल अदवान अस्पतालमा ल्याइएको अस्पतालका निर्देशक हुसाम अबु साफियाले जानकारी दिए । उनले घटनामा ३५ जना घाइते भएको र तीमध्ये अधिकांश बालबालिका रहेको र उनीहरुको अस्पतालमा उपचार भइरहेको बताए । सफियाले अस्पतालमा निरन्तर मृतक तथा घाइतेहरू आइरहेको बताउँदै कर्मचारी र औषधिको अभावका कारण अस्पतालमा बिरामीहरूको उपचार गर्न गाह्रो भइरहेको उल्लेख गरे । उनका अनुसार जबलियामा सैन्य कारबाहीका क्रममा अस्पतालमा आक्रमण गर्दा सेनाले चिकित्सक टोली र कामदारहरूलाई पक्राउ गरेपछि कमल अदवान अस्पतालमा प्राथमिक उपचार सामग्री बाहेक अरू केही बाँकी छैन ।

चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रुपमा प्रयोग गरौं,
हाम्रा सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं,
चाडपर्वमा अनावश्यक खर्च नगरौं,
मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बारीभरि ढकमक्क सयपत्री : व्यवसायबाट दुईदेखि तीन लाख आम्दानी

**रामपुर (पाल्पा),** कार्तिक १३/ढकमक्क फुल्दै गरेको सयपत्री फूलले यतिबेला ग्राहक तथा व्यवसायीको मन तानिरहेको छ । तिहार नजिकिँदै गर्दा व्यवसायीलाई फूलको माग आइरहेको छ । वैदेशिक रोजगारीबाट फर्केर पुष्प व्यवसायमा लागेका पाल्पा रामपुर नगरपालिकाका युवा दिलबहादुर थापा र लालबहादुर थापा बारीभरि फूल देख्दा खुसी छन् । बारीमा फूलको रेखदेख गर्ने, ग्राहकको विवरण संकलन गर्न उनीहरुको व्यस्तता बढ्न थालेको छ ।



यस व्यवसायबाट वार्षिक दुईदेखि तीन लाखसम्म आम्दानी गर्दै आएको दिलबहादुर बताउन्छन् । उनले करिब चार रोपनी क्षेत्रफलमा फूलखेती गरिहेका छन् । तिहार पर्वलाई लक्षित गरी लगाइएको फूलले राम्रो आम्दानी दिएको उनको भनाई छ । यसपटकको तिहारमा दुई लाखदेखि दुई लाख ५० हजारसम्म आम्दानी हुने थापाको अनुमान छ । 'तिहारमा सधैँ फूलको अभाव हुने भएपछि व्यावसायिक रूपमा खेती सुरु गरेको हो, सुरुमा फूल व्यवसाय गर्दा छिमेकी, आफन्त यस व्यवसायले बजार लिन्छ भनेर पत्याएका थिएनन्', उनले भने, 'चुनौतीका बाबजुद पनि व्यवसाय सुरु गरियो, पहिलो वर्षमा नै नसोचेको आम्दानी भएपछि व्यवसायलाई निरन्तर रूपमा अगाडि बढाइएको छ ।' यहाँ उत्पादन भएको फूल प्रतिकिलो पाँच सय खुद्रा, होलसेल चार सय, प्रतिमाला एक सय ५० खुद्रा, होलसेल एक सय २० कायम गरिएको छ । बुटवल, नेपालगञ्ज, तानसेनलगायत विभिन्न बजारबाट फूलमालाको माग धेरै आएको लालबहादुर थापा बताउन्छन् । रामपुरमा फूलमालाको अभाव हुन नदिन स्थानीय ग्राहकलाई नै प्राथमिकतामा राखेर बिक्री गर्दै आएको उनले जानकारी दिए । 'तिहार सुरु नहुँदैदेखि नै फूलमालाको माग धेरै आएको छ, हामीले बाहिर बजारमा पठाउँदैनौं, स्थानीय ग्राहक तथा व्यापारीलाई नै बिक्री गर्ने गरेका छौं, स्थानीय ग्राहकलाई पुऱ्याउन हामीलाई हम्मेहम्मे पर्ने गरेको छ', उनले भने । उनीहरूले बिगत पाँच/छ वर्षदेखि निरन्तर रूपमा व्यवसाय गरिरहेका छन् । यहाँ कर्मा ५५५ जातको सयपत्री फूल लगाइएको छ ।

यस जातबाट उत्पादन राम्रो हुने भएपछि कर्मा ५५५ लाई रोजाइमा पारेका छन् । दिलबहादुर र लालबहादुरले जग्गा भाडामा लिएर फूलखेतीसँगै तरकारी खेती पनि गरिरहेका छन् । तरकारीको तुलनामा फूलबाट छोटो समयमा दोब्बर बढी आम्दानी लिन सकिने, मेहनत र लगानी धेरै नपर्ने व्यवसायीको अनुभव छ । रामपुर नगरपालिकाले प्लास्टिकजन्य माला बिक्री तथा प्रयोगमा रोक लगाएपछि व्यवसायीलाई हौसला मिलेको छ । यस वर्षको तिहारलाई लक्षित गर्दै नगरपालिकाले अग्रिम सूचना जारी गरी प्लाष्टिकजन्य फूलमाला बिक्री वितरण नगर्न सम्बद्ध व्यवसायीमाझ अनुरोध गरेको छ । नगरपालिकाले प्लाष्टिकजन्य फूलमाला बिक्रीमा प्रतिबन्ध लगाएपछि यस वर्ष सयपत्री फूलमालाको माग रामपुर बजारमा बढेको छ । रामपुरका दिलबहादुर र लालबहादुरले थालनी गरेको पुष्प व्यवसाय देखेर पछिल्लो समय घर तथा विद्यालय, विभिन्न संघसंस्थामा फूल लगाउन थालिएको छ । यहाँबाट बिरुवा खरिद गरेर लगाउने कार्य भइरहेको छ । यतिबेला ढकमक्क फुलेको फूलमा रमाउँदै तस्बिर खिच्ने, भिडियो बनाउने, टिकटक बनाउने, अवलोकन गर्न जाने, फूलखेतीबारे जानकारी लिन जानेको चहलपहल छ । रामपुर नगरपालिकाले यहाँ थालनी गरिएको व्यवसायमा हौसला प्रदान गर्न सहयोग गर्दै आएको छ । नगरपालिकाको सहयोगमा एकहप्ते पुष्प व्यवसाय तालिम लिएर व्यवसाय थालनी गरिएको व्यवसायीले बताएका छन् । यहाँ तिहारमा मात्र नभई अन्य समय पनि सयपत्री फूलखेती हुने गरेको छ । नगरपालिकाभित्र हुने विभिन्न संघसंस्थाको सभासमारोह, कार्यक्रम, विवाह, व्रतबन्ध, शुभकार्य लगायतमा राम्रो खपत हुने गरेको छ । *-रासस*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना

# सम्पादकीय

## काग तिहारको महत्व

**आज कार्तिक कृष्ण त्रयोदशी अर्थात् कागतिहार । बिहानैदेखि यमराजको दूतका रुपमा कागलाई मीठा चीजबीज खान दिएर यो पर्व मनाईंदै छ । काग तिहारको आफ्नै महत्व छ । यमराजले लोकको खबर कागका माध्यमबाट थाहा पाउने भएकाले कागलाई यमदूतका रुपमा मान्ने शास्त्रीय विधान छ । कागले यमराजसमक्ष राम्रो खबर लगिदियोस् भनेर आजका दिन कागलाई मीठो–मीठो खान दिई खुसी पार्ने गरिएको हो । लोक व्यवहारमा काग घरमा आई कराएमा शुभ बोल, शुभ बोल भनी भन्ने प्रचलनसमेत छ । काग घरवरपर आई कराएमा उसले केही खबर लिएर आएको विश्वाससमेत गर्ने गरिन्छ । आजको दिन कागलाई दहीभात खुवाएमा यमराजसमक्ष राम्रो सन्देश लगिदिने विश्वास गरिन्छ ।**

**धर्मशास्त्र अनुसार नरक लोकका अधिपति यमराजले पृथ्वी लोकमा भएका मानिस लगायत सम्पूर्ण जीवित प्राणीको जन्म, मृत्युको विवरण राख्ने गर्दछन् । त्यस्तो विवरण ल्याउने र लैजाने काम भने कागले गर्ने गरेको मान्यता रहेको छ । आकाश मार्गबाट छिटो सन्देश ल्याउने लाने भएकाले यमराजले कागलाई आफ्नो दूत नियुक्त गरेका हुन । तर काग तिहारमा भने यी सबै नकारात्मक मान्यताहरूलाई बिर्सिएर कागको पूजा गरिन्छ । काँ काँ गरेर चर्को र झर्कोलाग्दो स्वरमै भएपनि कागले सन्देश बोकेर ल्याउने जनश्रुति रहेको छ । कागको पूजाआजा गर्दै आँउदो वर्षभरि कागले आफ्नो घरआँगनमा राम्रो र सुखद खबरमात्रै ल्याओस भनेर कामना गरिन्छ । यसले हाम्रो 'इकोसिस्टम'मा पनि ठूलो योगदान दिन्छ । त्यस्तै प्रकृतिको लागि पनि काग एउटा नभई नहुने पन्छी हो । हामीले लगाएको बालीनालीलाई हानी गर्ने किरा फट्याङ्गाहरुलाई खाइदिएर कागले अन्न उत्पादन बढाउन सहयोग गर्छ । यसर्थ काग तिहारको प्राकृतिक तथा धार्मिक रुपमा महत्व रहेको छ ।**

## Opinion @ Social Network

आज जुत्ता लगाउने हैसियत भयो भन्दैमा,
हिजो भुइँमा टेकिएको त्यो खाली खुट्टोलाई बिर्सनु हुँदैन !
(***सरिता नेपालीको फेसबुक स्टाटस*** *https://www.facebook.com/nepali.sarita*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यसो गरे कसो होला ?




देश बनाउने सन्दर्भमा हामी आफू बाहेकको अन्य पक्षको जिम्मेवारी र कर्तव्य हो भनि ठान्ने हाम्रो मानसिकता जबसम्म त्यागन सक्दैनौ तबसम्म देश वा जिल्ला वा आफ्नो पालिका बन्दैन भन्ने निष्कर्षमा पुग्नु पनि अन्यथा हुँदैन अब । हामी परिवर्तन चाहान्छौं वा हामी परिवर्तन चाहान्छौं वा परिवर्तन आवश्यक छ मात्र भन्छौं तर यो परिवर्तनमा म पनि सहभागी हुन्छु वा परिवर्तन हुन् वा गर्न म पनि सक्छु भनेको देख्दैनौ वा सुन्दैनौ । जब हामीमा "we want change and we can change" भन्ने संकल्पलाई आत्मसाथ गर्ने साहस र आट आउनेछ तत्पश्चात हामीले खोजेको परिवर्तन सम्भव हुनेछ । यसका लागि के गर्ने त भन्ने जिज्ञासा पनि आउन सक्छ त्यसका लागि सामान्यतया निम्न पहलहरुमा आफ्नो प्रत्यक्ष संलग्नता राख्यौं भने त्यसबाट आउने परिवर्तन र प्रभाव हेरौंन ।

अब एकैछिन उल्लेखित संकल्पित संलग्नता पश्चात आउने परिणामका सन्दर्भमा पाल्पालाई केन्द्रविन्दुमा राखेर कल्पित तर सम्भव परिणाम हेर्ने कोसिस गरौं । परिणाम प्राप्तिका लागि पहिले जिल्लाको आवश्यकता के हो ? हरेक पालिकाले अवलम्वन गरेका कार्यनीति एवं कार्ययोजना कस्ता छन् ? समग्र पाल्पाको विकास अवधारणा, नीति तथा रणनीति केहो र मुख्यरुपमा विभिन्न क्षेत्र सम्वद्ध आन्तरिक तथा बाह्य लगानी रणनीति के हो ? भन्ने सन्दर्भमा सामान्य जानकारी राख्नु आवश्यक हुन्छ । यसका लागि हरेक पालिकाले तय गरेको आफ्नो प्राथमिकता, लक्ष्य र उद्देश्यहरुले नै जिल्लाको विकास सुचांक वा जिल्लाको कुल ग्राहस्थ्य उत्पादन (जिडीपी), आर्थिक विकास दर, मानव विकास सुचांक र समग्र मुलुकमा पाल्पाको अवस्था झल्किने हुन्छ । यदी ७७ जिल्लाको विकास दरमा पाल्पाको स्थान अग्रीणी देख्ने चाहाना राख्ने हो भने हरेक पालिकाले आफुद्धारा अवलम्वन गरिने नीति, रणनीति, कार्ययोजना र कार्यनीतिमा एकरुपता ल्याउनै पर्ने हुन्छ ।

**जिल्लाको विकास पहिचानमा स्थानीय सरकारको भूमिका र योगदान :**

संविधानप्रदत्त अधिकार प्रयोग गर्दै स्थानीय विकास र जनसेवाका हरेक पक्षहरुको विकासमा केन्द्रित हुनु स्थानीय सरकारको मुख्य दायित्व हो । स्थानीय सरकार वा पालिकाहरु सिमित साधन र श्रोतको परिधि भित्र रहेर आफ्ना हरेक सम्भावनाहरुको उच्चतम पहिचान र परिचालन रणनीति तयार गर्नुपर्ने हुन्छ । यसको मतलव यो होइन की पालिकाहरु केही गर्न सक्दैनन् । पालिका प्रतिनिधिहरुको सोच, अवधारणा, क्रियाशिलता, इच्छाशक्ति र संकल्पित समर्पण एवं रणनीतिक क्षमता प्रदर्शन गर्न तथा समन्वयात्मक परिचालन गर्ने अवसर प्रशस्त छ । यसको उच्चतम उपयोग गर्ने हो भने कुनै पनि श्रोतको अभाव हुँदैन किनकी पालिका भन्दा माथि प्रदेश र संघीय सरकार रहेका छन् भने उचित र फराकिलो नीति भएमा देशी विदेशी लगानीका लागि नीजि क्षेत्र तयारी अवस्थामा रहेको अवस्था छ । यसर्थ हरेक पालिकाले उद्यम, उद्यमशिलता विकास र स्वरोजगार, पालिका भित्रका हरेक नागरिकको क्षमता पहिचान, अभिलेख र परिचालन रणनीति, प्राकृतिक, सांस्कृतिक, ऐतिहासिक सम्पदाहरुको संरक्षण र उपयोग , कला संस्कृति, साहित्य, खेल विकास नीति, उत्पादन र आत्मनिर्भर रणनीति, बन र बनजन्य सम्भावना र उपयोग, पर्यापर्यटन, ग्रामीण पर्यटन, अन्य विधागत पर्यटनका सम्भावनाहरुको पहिचान र परिचालन रणनीति, प्राकृतिक श्रोत एवं खानीहरुको पहिचान र परिचालन, फोहर व्यवस्थापन र आयवृद्धि, स्थानीय सिप, कला र उत्पादनको सम्वर्द्धन र बजारीकरण, शहरी विकास र बजार केन्द्रको विकास जस्ता क्षेत्रहरुको परिचालनबाट स्थानीय सरकार आफ्नो आयवृद्धिका नयाँ सम्भावना मात्र होइनन् बाह्य लगानीका लागि आकर्षक क्षेत्र पनि हुन् । यि र यस्तै सम्भावनाबाटै स्थानीय सरकार सबल र समृद्ध बन्न र बनाउन सकिन्छ । यस्तै विभिन्न नयाँ-नयाँ अवधारणाहरुद्धारा नै जिल्लाको विकास अवधारणा र विकासस्तरको पहिचान हुने हुन्छ । राष्ट्रका हरेक तथ्यांकमा जिल्ला अग्रीणी देखिने हुन्छ ।

**स्थानीय गैरसरकारी संघ संस्थाहरुको भूमिका र योगदान :**

उद्योग वाणिज्य क्षेत्र र उद्यम विकास : उद्योग वाणिज्य क्षेत्र सरकारको छाँया पनि भनिन्छ । सरकारले अवलम्वन गर्ने हरेक कार्यक्रम र नीतिको प्रत्यक्ष प्रभाव यस क्षेत्रलाई पर्दछ र सरकारको नीति अनुरुप यो क्षेत्रले आफ्नो वित्तिय लगानी गर्ने/नगर्ने निर्णय गर्ने हुनाले सरकारसँग मिलेर राष्ट्रिय नीतिलाई मद्धत गर्ने र सरकारले गर्न नसक्ने काम नीजि क्षेत्रले गर्ने हुनाले सहयात्री पनि हो र छाँया सरकार पनि हो नीजि क्षेत्र । यसर्थ नीजि क्षेत्रले ब्यापारमा मात्र केन्द्रित नभई सरकारी, गैरसरकारी, विदेशी तथा अन्य समूहगत लगानीका लागि क्रियाशिल बन्नु पर्दछ । नयाँ उद्यम विकास, उद्यमशिलताको विस्तार र बजार विकाससँगै लगानी आकर्षण र अभिवृद्धि योजना सञ्चालनमा आफ्नो लक्ष्य केन्द्रित गर्न जरुरी छ । जिल्लामा रहेका विभिन्न वित्तिय संस्थाहरु (सहकारी, फाइनान्स, बैंक, लघुवित्त संस्था)हरुसँग नियमित सम्पर्क समन्वयमा रही लगानी क्षेत्र र अवसरका बारेमा छलफल गर्न कुनै अप्ठेरो मान्नु हुँदैन किनकी ती संस्थाहरु लगानीकै लागि सञ्चालित रहेका हुन्छन् । यो उसको आफ्नो कार्यक्षेत्र पनि हो । जहाँ निजी क्षेत्र र स्थानीय सरकारविच व्यवसायिक सम्बन्ध रचनात्मक रहन्छ स्थानीय अर्थतन्त्रमा समेत निकै गतिशिलता देखिन्छ । सार्वजनिक नीजि साझेदारी नीति अगाडि बढाउने प्रथम दायित्व पनि निजी क्षेत्रको हो । नीजि क्षेत्र सिर्जनात्मक र आर्थिक विकासका लागि व्यग्रता प्रदर्शन गरेको स्थानको आर्थिक गतिविधिले स्थानीय सरकारको गहिरो ध्यानाकर्षण समेत गरेको हुन्छ ।

रेडक्रस र मानवीय सेवा : मानविय र आपतकालिन अवस्थामा गुहारिने मात्र होइन आश्रयको रुपमा रेडक्रसलाई लिइन्छ । विभिन्न अस्पतालमा विरामीका लागि आवश्यक विभिन्न प्रकृतिका रगत उपलव्ध गराउने र सोका लागि नागरिकबाट रगत संकलन गर्ने कार्यमा विश्वास आर्जन गरेको छ । यसर्थ यो संस्थाले अस्पतालका लागि आवश्यक रगत उपलव्ध गराउन ब्लड बैंक सञ्चालन र रक्तदाताको नामावली संकलन गरी जुनसुकै समयमा पनि रगतको अभावमा कुनै पनि विरामीले मृत्यूवरण गर्न नपरोस् भन्ने विश्वासिलो अवस्था सिर्जना गर्न सक्नु पर्दछ । साथै अन्य विपत्तिका समयमा आवश्यक मानवीय सेवा पुर्याउने गरी तयारी अवस्थामा रहन सक्यो भने रेडक्रसले जिल्लाको मानवविकास सुचाकंमा समेत योगदान गर्ने हुन्छ । जेसिस र नेतृत्व विकास : नेतृत्व विकास, सुशासन, रुपान्तरण, जिम्मेवारी र उत्तरदायित्वका पक्षमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको यो संस्थाले जिल्लाको राजनीतिक, सामाजिक तथा विभिन्न क्षेत्रमा संलग्न रहेर समाज रुपान्तरणमा संलग्न व्यक्तित्वहरुमाझ राम्रो समन्वयात्मक भूमिका प्रदर्शन गरी आफ्नो लक्ष्य र उद्देश्य पुरा गर्न सक्दछ । यति मात्र गरे पनि यो संस्थाले स्वस्थ समाज रुपान्तरणमा ठूलो योगदान प्रदर्शन गरी जिल्ला विकासको सूचाकंमा गणनायोग्य स्थान हासिल गर्ने देखिन्छ । यसैगरी समाज परिचालन र रुपान्तरणमा रोटरी तथा लायन्स जस्ता संस्थाले समेत सकारात्मक परिवर्तनका लागि योगदान गर्ने छन् ।

फूटवल संघ र जिल्लाको फूटबल विकास : अहिले विश्वसामू राष्ट्रको पहिचानमा ठूलो भूमिका निर्वाह गर्ने खेलकुद क्षेत्र बनेको छ । जहाँको खेलकुद प्रतिष्पर्धा र सवल छ त्यो राष्ट्रलाई हेर्ने विश्वनजर पनि फरक देखिन थालेका छन् । यसैगरी जिल्लाको पहिचानमा पनि खेलकुद क्षेत्रको सबै भन्दा आकर्षक खेल फूटबलले पाल्पामा गौरवमय इतिहासलाई कायम राख्न सक्छ । प्रदेशको एक मात्र पहाडी जिल्ला जहाँ हरेक मौसममा कुनै पनि खेल खेलाउन सकिने हुनाले संघकै नेतृत्वमा खुला स्टेडियमको रुपमा टुँडिखेल र कुन्सरेमा बन्दै गरेको विशाल स्टेडियमको निर्माण र व्यवस्थापन साथै रामपुर लगायतमा निर्माण पहल गर्न सक्छ । त्यतिमात्र नभइ हरेक हप्ता प्रादेशिक तथा राष्ट्रिय र जिल्लास्तरिय खेल प्रतियोगिता सञ्चालन गर्न सकिन्छ । खेल पर्यटनको अर्को आकर्षक र प्रभावकारी विधा बन्दै गइरहेको सन्दर्भमा फूटबलका नयाँ नयाँ विधा र क्षेत्रहरुको पहिचान गरी जिल्लाका प्राय: सम्भाव्य सबै स्थानहरुमा व्यवस्थित र व्यवसायिक खेलको प्रारम्भ समेत हन सक्छ । क्लवहरुको विकास र प्रतिष्पर्धी खेलाडीको उत्पादनबाट जिल्लाले राष्ट्रिय पहिचानमा नयाँ अवसर पाउने छ । यसका लागि जिल्ला फूटबल संघले चासो पनि प्रदर्शन गरिसकेको छ । यसबाट जिल्लामा फूटवल खेलले नयाँ खेल विकास आयाम प्रारम्भ गर्ने छ । भलिबल संघ र विद्यालय एवं क्लव विकास : नेपालको राष्ट्रिय खेलको रुपमा घोषणा गरिएको भलिबल खेलले बच्चाहरुको मस्तिष्क विकासदेखि स्फूर्त: र स्वस्थ नागरिक उत्पादनमा मद्धत गर्दछ । हरेक विद्यालय, टोल र वडामा क्लवहरुका माध्यमबाट यसलाई थप विस्तार गर्न सकिन्छ । यसैगरी कालिगण्डकी नदी किनारमाबिच भलिवल समेत हुन सक्ने प्रमाणित सम्भावनालाई अगाडि बढाउन सकेबिच भलिबलमा राष्ट्रिय टिमको उत्पादन हुने र सो राष्ट्रिय गौरवको पक्ष समेत रहन्छ । यही सम्भावनालाई बुझेर तानपा र बगनासकाली गापाले हबको रुपमा विकास गर्ने प्रतिवद्धता गरिसकेका छन् । भलिबल संघ यसका लागि जिल्लामा भलिबल विकास अवधारणा बनाई सबै पालिकाहरुसँग समन्वय र सहकार्य गर्न सक्छ र यो जरुरी पनि देखिन्छ । ब्याटमिन्टन संघ सक्षम जनशक्तिको परिचालन : जिल्लामा राम्रो व्याटीन्टन स्टेडियम समेत बनिसकेको र राष्ट्रिय प्रतिष्पर्धाहरुमा सहभागिता जनाउँदै आएका खेलाडी समेत रहेको पाल्पाले अझ थप धेरै गर्न सक्छ । यसैगरी क्रिकेट संघको सक्रियताले युवा आकर्षण थप्न सक्छ । अन्य खेल सम्वद्ध संस्थाहरुको क्रियाशिलताले जिल्लाको पहिचानमा टेवा पुर्याउन सक्छन् । यहाँ उल्लेख गरिएका विधागत संघहरुले जिल्लामा आफ्नो अवस्था, खेलाडीको अवस्था, खेलमैदानको अवस्था र सम्वद्ध खेल विकास अवधारणा तयार पारी हरेक पालिकाहरुसँग समन्वय र सहकार्य गरेर अगाडि बढ्ने संकल्प र रणनीति तयार पारी छलफल अगाडि बढाउन सहजै सक्छन् । यो आलेखमा उल्लेख गरिएका सबै सम्भावनाहरु सहजरुपमा अगाडि बढाउन सकिने छन् । यीनीहरुको आपसी समन्वय, सहकार्य र सामुहिक संकल्पमा अगाडि बढ्न सक्नु पर्दछ ।

कसले चाहँदैन आफ्नो वार्ड, पालिका र जिल्ला विकास सूचाकंमा अगाडि देख्न ? यसर्थ जिल्लामा सार्वजनिक चासोमा क्रियाशिल सबै नागरिक, संघ संस्था तथा पालिकाहरुले एकपटक यसबारे विचार गरौं र जिल्ला विकास अवधारणा निर्माण र कार्यान्वयनमा सामेल हुने वातावरण बनाऔं । अब वि वान्ट चेञ्ज मात्र होइन वि क्यान सेन्ज पनि भन्न सक्नु पर्दछ ।***(लेखक पाल्पा सरोकार समाजका अध्यक्ष समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०७९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल ११५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आफन्तले सहयोग गर्नेछन् । व्यवसायको सन्दर्भमा योजना बन्नेछ । | **तुला** : रोजगारको अवसर मिल्नेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ । |
| **वृष** : आफन्तको सहयोग प्राप्त मिल्नेछ। कूटनीतिक कार्यमा सफलता मिल्ला । | **वृश्चिक** : बन्धुबाट विशेष सहयोग मिल्नेछ । पढाइमा पनि प्रगति हुनेछ । |
| **मिथुन** : साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। धार्मिक यात्राको योग छ । | **धनु** : गरेको कामबाट सफलता मिल्नेछ। परिवार सँग रमाइलो भेटघाट रहला । |
| **कर्कट** : व्यवसायमा मन्दी आउनेछ । स्वास्थ्य प्रति बढी सचेत रहनु पर्छ । | **मकर** : महत्वपूर्ण अवसर गुम्न सक्छ। केही मालसामान हराउन सक्छ । |
| **सिंह** : कुनै कुराले मनमा शान्ति छाउनेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ । | **कुम्भ** : ताकेको कार्य पुरा होला । राजनीतिक कार्यमा सफलता मिल्नेछ । |
| **कन्या** : चिन्ता छाडेर चिन्तन गर्ने समय छ । शत्रु क्षय पनि होलान् । | **मीन** : जोशजाँगर र हिम्मत बढ्नेछ। प्रेमीको सहयोग पनि पाइनेछ । |

## कला मनोरञ्जन

# '१२ गाउँ' बाट चर्चामा सनिशाकुवेर गिरी

फिल्म '१२ गाउँ'की अभिनेत्री हुन् सनिशा भट्टराई । करिब दुई दर्जन म्युजिक भिडियोमा अभिनयपछि फिल्ममा होमिएकी उनको '१२ गाउँ' डेब्यु फिल्म हो । '१२ गाउँ'ले बक्सअफिस तताइरहँदा सनिशा पनि चर्चामा छिन् । सबैबाट अभिनयको प्रतिक्रिया राम्रो पाइरहेको उनले बताइन् । 'भूमिका र अभिनय दुवै मनपरेको प्रतिक्रिया मिलेको छ', उनले भनिन्, 'मेरोमात्र नभएर फिल्मको पूरै टिमलाई दर्शकले राम्रो प्रतिक्रिया दिएका छन् । म एक्दमै खुसी छु ।' फिल्ममा उनले एक सामान्य युवतीको भूमिका निर्वाह गरेकी छन् । हिरोको तुलनामा उनको भूमिका अलि छोटो छ । छोटै भए पनि राम्रो छ । आफ्नो चाहनाले भन्दा पनि फिल्मको कथाले भूमिका निर्धारण गर्ने उनी बताउँछिन् । फिल्ममा उनी बाहेक अन्य दुई अभिनेत्री सोनु चन्द्रपाल र न्यासी खड्का पनि छन् । तर उनीहरूको भन्दा बलियो र बढी भूमिका आफ्नो भएकोमा उनी खुसी छिन् । उनले भनिन्, 'अन्य फिल्ममा हुने हिरोइनको भूमिकाभन्दा यसमा कम हो । तर, जति भूमिका छ, दमदार छ । त्यसमा खुसी छु ।' डेब्यु फिल्मको व्यवसाय राम्रो हुँदा त्यसको प्रभाव अभिनेत्रीको करियरमा पर्नु स्वाभाविक हो । अहिले सनिशाको हातमा एकपछि अर्को फिल्म लगातार परिरहेको छ । एक फिल्म 'नरसिंहा अवतार' को त उनले छायाङ्कन नै थालिसकेकी छन् । उनका अन्य केही फिल्म लाइनमा छन् । सनिशाले म्युजिक भिडियो हुँदै फिल्म यात्रा तय गरेकी हुन् । म्युजिक भिडियोमा होमिँदा फिल्म अभिनय उनको कल्पनामा पनि थिएन । म्युजिक भिडियोमा चर्चा पाउँदै गर्दा फाट्फुट्ट फिल्मको अफर आउन थाल्यो । सुरुका अफर 'पछि गरौंला' भनेर उनले छोड्दै गइन् । जब '१२ गाउँ'को अफर आयो, उनी फिल्ममा हामफालिन् । 'कथा पनि राम्रो लाग्यो । विराज भट्ट निकै सिनियर कलाकार भएकाले काम गर्न मन लाग्यो,' उनले '१२ गाउँ' रोज्नुको कारण खोलिन् । दुई वर्ष अगाडि हिमाल सागरको गीत 'ए हो र माया'को म्युजिक भिडियोबाट करियर सुरु गरेकी



उनी छोटो समयमै फिल्ममा फट्को मार्न सफल मोडल हुन् । अभिनेता विराज भट्टले पनि उनलाई म्युजिक भिडियो हेरेर नै फिल्म '१२ गाउँ'का लागि अफर गरेका गरेका थिए । उनले '१२ गाउँ' चलचित्रकै कारण 'नरसिंहा अवतार'मा पनि अभिनयको मौका पाएकी छन् । पोखराकी स्थायी बासिन्दा उनी '१२ गाउँ'मा एक्सन स्टार विराज भट्टको साथ देखिएकी छन् । छायाङ्कनरत फिल्म 'नरसिंहा अवतार'मा उनी राजेश हमालको साथमा देखिँदैछिन् । दीवाकर भट्टराई निर्देशित 'नरसिंहा अवतार'मार्फत राजेश हमालले ७ वर्षपछि फिल्ममा 'कमब्याक' गर्न लागेका छन् । फिल्म अभिनयमा एकपछि अर्को गर्दै अहिलेका सबै कलाकारसँग काम गर्ने सनिशाको इच्छा छ । म्युजिक भिडियोबाट फिल्म यात्रा तय गर्ने कलाकारलाई अभिनयमा कुन सजिलो भनेर प्रश्न गर्दा धेरैको जवाफ हुन्छ- 'म्युजिक भिडियो ।' 'यी दुवै अभिनयका विधा हुन् । अभिनयका हिसाबले म्युजिक भिडियो सजिलो र थोरै समय दिए पुग्छ । रिजल्ट छिटै आउँछ', सनिशाले भनिन्, 'फिल्ममा धेरै समय दिनुपर्छ । रिजल्ट ढिला आउँछ ।' तर म्युजिक भिडियोको तुलनामा फिल्ममा गरेको अभिनयले सन्तुष्टि बढी दिने उनले बताइन् । कुनै चरित्रमा आफूलाई ढालेर यथार्थपरक रूपमा प्रस्तुत हुनु नै अभिनय भएको धारणा राख्ने सनिशा सफल र भर्सटायल अभिनेत्री बन्ने सपना रहेको सुनाउँछिन् ।

त्यसकै लागि अभिनयमा निरन्तरता दिइरहेको उनले बताइन् । 'मसँग अहिले लगातार काम गर्ने हिसाबले फिल्म हात परिरहेका छन्', उनले भनिन्, 'दर्शकले काम कति रुचाउँछन् र आफ्नो भाग्यमा के छ भनेर अहिले नै भन्न सक्दिनँ ।' ब्याचलरसम्मको अध्ययन पूरा गरेकी सनिशाको आगामी दिनमा अभिनय र अध्ययन एकसाथ अगाडि बढाउने सोच छ । उनी प्रेममा भने छैनन् । 'अहिलेसम्म प्रेम पनि छैन । त्यतातिर ध्यान दिने बेला पनि भएको छैन,' उनले भनिन्, 'अहिले म आफ्नो करियरमा फोकस छु । पहिले करियर बनाउँछु । त्यसपछि प्रेम र विवाहको बारेमा सोच्छु ।'

*-रातोपाटी डटकम*

# 'पूर्ण बहादुरको सारङ्गी' जुम्लाको स्याउ हो : निर्देशक पौडेल



यही कात्तिक १५ गते अर्थात् तिहारको लक्ष्मीपूजाबाट फिल्म 'पूर्ण बहादुरको सारङ्गी' प्रदर्शनको तयारीमा छ । सारङ्गी बजाएर परिवारको जीविकोपार्जन गर्ने एक बाबुले छोराका लागि गरेको त्याग र देखेको सपनामा फिल्मको कथावस्तु केन्द्रित छ ।

टिजर र ट्रेलर हेर्दा फिल्मको कथा मौलिक लाग्छ । यसैले निर्देशक सरोज पौडेल फिल्मलाई जुम्लाको स्याउको रुपमा अर्थ्याउँछन् । आइतबार पत्रकारसँगको कुराकानीमा उनले भने, 'यो विशुद्ध पारिवारिक फिल्म हो । एउटा बाबुले सन्तानका लागि देखेको सपना र गरेको संघर्षमा फिल्म आधारित छ । फिल्मले दर्शकको चित्त बुझाउँछ भन्नेमा पूर्ण विश्वास छ । स्याउको ठूलो बजारमा यसपालिको दशैंमा जुम्लाको स्याउको विशेष महत्त्व रह्यो । हामीले पनि फिल्मको मार्केटमा जुम्लाको स्याउको रुपमा 'पूर्ण बहादुरको सारङ्गी'लाई सोचेका छौं ।' निर्देशक पौडेल फिल्ममा सारङ्गीलाई पात्रको रुपमा खडा गरिएको बताउँछन् ।


गन्धर्व समुदायको कथामा फिल्म बनेकाले नाममा पनि सारङ्गी राखेको उनको भनाई छ । भन्छन्, 'फिल्मको कथा सारङ्गीसँग जोडिएको छ । र, सारङ्गी पनि एउटा पात्रको रुपमा उभिएको छ । सारङ्गी हामी नेपालीका लागि प्रिय बाजा हो । त्यसैको साहारामा गुजरा चलाउने गन्धर्व परिवारको कथा यसमा छ । गन्धर्व भन्ने वितिक्कै सारङ्गी जोडिन्छ । यसैले नाममा पनि सारङ्गी राखेका हौं ।' निर्देशक पौडेललाई फिल्मको कथा बुबाको निधनपछि फुरेको रहेछ । लकडाउन सकिएको एक महिनापछि उनको बुबाको निधन भएको थियो । काजकिरिया सकेर घर फर्किएपछि उनले बुबाबिनाको जुन अनुभव गरे, त्यसपछि उनले सन्तानका लागि बुबाले कस्ता सपना देख्छन् भन्ने कथामा फिल्म बनाउने निर्णय गरेका थिए । तर, उनी 'पूर्ण बहादुरको सारङ्गी'लाई बुबाहरुको मात्र कथा भने मान्दैनन् । 'यो बुबाहरुको मात्र कथा होइन । आमा, दिदीहरुले पनि बुबाको भूमिका निभाइरहनुभएको हुन्छ ।

त्रसमग्रमा अभिभावकको कथा हो यो,' उनी भन्छन्, 'आमाको बारेमा धेरै चीजहरु आइरहेको हुन्छ । बुबाको बारेमा धेरै कथा भनिएको छैन । यसैले बुबाको बारेमा पनि कथा भन्नुपर्छ भन्ने सोचले फिल्म बनाएका हौं ।' निर्देशक पौडेलले फिल्मको सबैभन्दा सशक्त पक्ष 'इमोसन'लाई मानेका छन् ।

*-फिल्मी खबर डटकम*

# धेरै पारिश्रमिक लिने स्टार बने अल्लु अर्जुन

त्रअल्लु अर्जुनका फ्यान अहिले 'पुष्पा २' रिलिजको प्रतीक्षामा छन् । रिलिज नहुँदै यो फिल्मले मिडियादेखि राइट बिक्रीमा हलचल मच्चाएको छ । फ्यान फिल्मलाई लिएर अधैर्य छन् । अन्ततः यो फिल्म २० मंसिरबाट प्रदर्शन हुँदैछ । यो फिल्मलाई न्यूनतम ६ करोड ४० लाख रुपैयाँ मूल्यमा नेपालमा ल्याइएको छ । नेटफ्लिक्सले महंगो मूल्यमा यसको स्ट्रिमिङ राइट खरिद गरिसकेको छ । यसैबीच, अल्लु अर्जुनको पारिश्रमिकबारेभारतीय मिडियामा नयाँ खबर छ । उनले 'पुष्पा २' का लागि ३०० करोड भारु पारिश्रमिक लिएको बताइएको छ । पारिश्रमिकमा उनले अभिनेता थलापति विजयलाई पछाडि छाडेका छन् । योसँगै अल्लु भारतमा सबैभन्दा धेरै पारिश्रमिक लिने स्टार बनेका छन् ।



ट्र्याक टलिउडको एक रिपोर्टमा दाबी गरिएअनुसार भारतको राष्ट्रिय अवार्ड विजेता अल्लु अर्जुनले 'पुष्पा'को भूमिकाका लागि ३०० करोड भारु लिएको बताइएको छ । फिल्मको पहिलो भाग सुपरहिट भएको थियो र कमाइको हिसाबले धेरै रेकर्ड बनाएको थियो । यो फिल्मको सफलतापछि अल्लु अर्जुनको 'स्टार भ्यालु'मात्रै होइन, पारिश्रमिक पनि बढेको छ । अहिले सबैको नजर 'पुष्पा २' मा छ, जुन पहिलो भागभन्दा अझै वृहत रहेको निर्माताले बताएका छन् । रिपोर्टका अनुसार थलापति विजयले 'थलापति ६९' को लागि २७५ करोड भारु लिएका थिए । त्यसपछि थलापति विजय शाहरुख खानलाई पनि पछि छाड्दै भारतको सबैभन्दा धेरै कमाउने अभिनेता बने । पछिल्लो रिपोर्टअनुसार अल्लु अर्जुनले थलापतिको रेकर्डलाई उछिनेका छन् ।

*-अनलाइन खबर डटकम*


Lumbini Province Government

Ministry of Social Development

Directorate of Education and Social Development

Social Development Division Office, Palpa

INVITATION FOR SEALED QUOTATION


**First Date of Publication: 2081/07/14 B.S.**

Social Development Division Office, Tansen, Palpa invites E-bids for the construction of following work under sealed quotation Procedures. All other information and Bid document can be downloaded from PPMO's Website **www.bolpatra.gov.np/egp** or can be received from Office located at Tansen Palpa. All eligible bidders are requested to submit E- Bid as per instructions within the mentioned period in Bid Documents.

| S. No. | Contract ID: | Work Description | Estimate Amounts (Ex. VAT & Contengency) | Bid Security Amount NRs. | Bid Document Amounts NRs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | SDDOP-SQ-WORKS-081/82-38 | Construction of Compound wall at Bhagwati secondary School Kaligandaki RM 02, Gulmi | 8,54,243.58 | 25000 | 1000 | |
| 2 | SDDOP-SQ-WORKS-081/82-39 | Construction of Fencing at Talo Dada Youth Club Kaligandaki RM 04 , Purtighat Gulmi | 4,25,887.19 | 12500 | 1000 | |
| 3 | SDDOP-SQ-WORKS-081/82-40 | Infrastructure Construction at Janakalyan Secondary School Kaligandaki Rm-5, Gulmi | 12,82,543.25 | 37500 | 1000 | |
| 4 | SDDOP-SQ-WORKS-081/82-41 | Construction of Covered hall at Shantipur covered hall Chandrakot RM 04, Gulmi | 8,55,163.45 | 25000 | 1000 | |
| 5 | SDDOP-SQ-WORKS-081/82-42 | Infrastructure Construction and Classroom Maintenance of Sarswati Secondary School Chandrakot RM 2, Gulmi | 8,54,491.45 | 25000 | 1000 | |
| 6 | SDDOP-SQ-WORKS-081/82-43 | Construction of Incomplete Building at Sharada Secondary Chandrakot RM-1, Arjewa Gulmi | 4,27,341.60 | 12500 | 1000 | |
| 7 | SDDOP-SQ-WORKS-081/82-44 | Infrastructure Construction at Sharada Secondary School Chandrakot RM -7, Gulmi | 8,55,153.12 | 25000 | 1000 | |
| 8 | SDDOP-SQ-WORKS-081/82-45 | Construction of Compound at Manaka Tikaram Campus Chandrakot RM-8, Gulmi | 12,82,378.33 | 37500 | 1000 | |
| 9 | SDDOP-SQ-WORKS-081/82-46 | Construction of Toilet at Khaireni Basic School Satyawati-6, Gulmi | 4,27,669.94 | 12500 | 1000 | |
| 10 | SDDOP-SQ-WORKS-081/82-47 | Construction of Truss at Sarswati Secondary School Satyawati RM-04 Limgha ,Gulmi | 8,52,761.78 | 25000 | 1000 | |
| 11 | SDDOP-SQ-WORKS-081/82-48 | Construction of Toilet at Sajpur Basic School Satyawati RM 03, Gulmi | 8,55,139.33 | 25000 | 1000 | |
| 12 | SDDOP-SQ-WORKS-081/82-49 | Construction of Truss at Ram Secondary School Satyawati RM-1 ,Aslewa Gulmi | 8,54,529.42 | 25000 | 1000 | |
| 13 | SDDOP-SQ-WORKS-081/82-50 | Construction of Truss at Sarswati Secondary Technical School Satyawati RM -6 , Jehang Gulmi | 12,81,098.88 | 37500 | 1000 | |

***Office Chief***

# ट्रक दुर्घटनामा चालकको मृत्यु



**पाल्पा,** कार्तिक १३/जिल्लाको रम्भा गाउँपालिका -३ अगाहाखोलास्थित सिद्दार्थ राजमार्गमा ट्रक दुर्घटना भएको छ । बुटवलबाट पोखरातर्फ जाँदै गरेको लु १ ख ९३५१ नम्बरको ट्रक ब्रेक फेल भई सोमबार राती दुर्घटना भएको हो ।

दुर्घटनामा परी ट्रक चालक रम्भा -३ का २३ वर्षीय भुवन सिंह रानाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुनिल मल्लले जानकारी दिए ।

उनका अनुसार गम्भीर घाइते भएका उनलाई उपचारको लागि लुम्बिनी मेडिकल कलेज प्रभास पठाइएकोमा उपचारको क्रममा मृत्यु भएको हो ।

उक्त ट्रकले सोही दिशातर्फ जाँदै गरेको ना १ क ७१२१ नम्बरको ट्रकलाई पछाडीबाट ठक्कर दिँदा चालक रानालाई सोही ट्रकमा दाहिने खुट्टा च्यापिएको अवस्थामा प्रहरीले उद्दार गरी हस्पिटल पठाएको थियो ।

दुर्घटनामा ना. १ क ७१२१ नम्बरको ट्रकको सह- चालक स्याङ्जाको वालीङ न.पा. १० का २१ वर्षीय सञ्जित खवास थापाको हातमा समान्य चोट लागेको छ । सोही ट्रकका चालक गुप्त बहादुर गुरुङ भने सकुशल रहेका छन् ।

घटनाको विषयमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# बर्दाकोट गाउँका नागरिकलाई स्वास्थ्य सेवा

**पाल्पा,** कार्तिक १३/जिल्लाको रामपुर नगरपालिका-१ बर्दाकोट गाउँमा स्वास्थ्य सेवा विस्तार गरिएको छ । नागरिकमा स्वास्थ्य सेवा पहुँच वृद्धि गर्ने उद्देश्यले नगरपालिकाले गाउँ गाउँमा स्वास्थ्य सेवा विस्तार गरेको हो ।

स्वास्थ्य संस्थासम्म पुग्न धेरै समय लाग्ने भएकाले बर्दाकोट गाँउमा अब हरेक महिनाको २ दिन गाँउमै स्वास्थ्यकर्मी सहितको टोलीले स्वास्थ्य सेवा दिने भएको छ । सेवाको शुभारम्भ गर्दै नगर प्रमुख रमण बहादुर थापाले स्वास्थ्य मानविय जीवनको महत्वपूर्ण विषय भएको भन्दै नगरवासीको स्वास्थ्य सेवा र सुविधाका लागि रामपुर नगरपालिका सधैँ प्रतिबद्ध रहेको बताए । उनले सिमित स्रोत र साधनकाबिच पनि नागरिकलाई सहज र सरल रुपमा सेवा प्रदान गर्दै आई रहेको उल्लेख गरे । स्वास्थ्य सेवा लिन पाउने नागरिकको नैसर्गिक अधिकारको सुनिश्चितताका लागि स्वास्थ्य संस्थाबाट टाढा रहेको बर्दाकोट गाँउमा सेवा विस्तार हुनु नागरिकको लागि सुखद पक्ष रहेको उनले बताए । साथै उनले महिनाको २ दिन दिईने सेवालाई छिट्टै प्रत्येक दिन नियमित सेवा सञ्चालन गर्ने प्रतिवद्धता व्यक्त गरे ।

उपप्रमुख बाल कुमारी थापाले ग्रामीण क्षेत्रका जनतालाई सहज रुपमा स्वास्थ्य सेवा दिने उद्देश्यले विस्तार गरिएको सेवाबाट स्वास्थ्य लाभ लिन अनुरोध गरिन् । सामान्य जाँच



तथा उपचारका लागि पनि धेरै समय खर्चेर जानु पर्ने बाध्यतालाई मध्यनजर गर्दै वडा कार्यालयले विस्तार गरेको स्वास्थ्य सेवा कार्यक्रम अत्यन्तै सान्दर्भिक रहेको थापाले उल्लेख गरिन् । कार्यक्रममा रामपुर नगरपालिकाका नगर प्रवक्ता एवं वडा नं. १ का अध्यक्ष कपिल बहादुर खाँणले वडा कार्यालय र आफु संधै वडाबासीको आवश्यकताको विषयमा गम्भिर रहेको भन्दै गाउँमा बसेका ज्येष्ठ नागरिकसँगै अन्य वडावासीको सुविधाका लागि गाउँ-गाउँमा स्वास्थ्य सेवा विस्तार गरिएको बताए ।

स्वास्थ्य सेवा लिन जानका लागि समय खर्चिनु पर्ने र हिँडेर जानु पर्ने बाध्यतालाई मध्यनजर गर्दै सेवा सहजताका लागि गाउँमै मासिक २ दिन स्वास्थ्य जाँच तथा उपचार एवं सामान्य औषधि वितरण गरिने उनले जानकारी दिए । कार्यक्रममा समाजसेवी पुनबहादुर सारुले सामाजिक सुरक्षा भत्तासँगै स्वास्थ्य सेवा पनि घर आँगन मै प्रदान गरेकोमा धन्यवाद दिंदै सेवा लिन पाउँदा खुसी लागेको बताए ।

कार्यक्रममा १८ जना नागरिकले स्वास्थ्य जाँच तथा उपचार सेवा लिएको गाँडाकोट स्वास्थ्य चौकीका प्रमुख मजिबुर रहमान शेखले जानकारी दिए । वडा अध्यक्ष कपिल बहादुर खाँणको अध्यक्षता, कार्यपालिका सदस्य देवका पोखरेलको स्वागत, वडा सचिव प्रेम पाठकको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## अर्थ/कर्पोरेट समाचार



### एकिकृत घुम्ती सेवा :

**तानसेन नगरपालिकाले आयोजना गरेको एकिकृत घुम्ती सेवा शिविरमा किसानलाई विउविजन हस्तान्तरण गर्दै तानसेन -५ का वडा अध्यक्ष रामबहादुर रावल । शिविरमा योजना सम्झौता, ब्यवसाय दर्ता/नविकरण, नक्सापास/घर कायम, जन्म, बसाईसराइँ, मृत्यु, विवाह दर्ता, सामाजिक सुरक्षा सम्बन्धी सेवा, नागरिकता सिफारिस, जेष्ठ नागरिक परिचयपत्र, अपाङ्गता परिचय पत्र वितरण, विरामी पशुपंक्षीहरुको उपचार, पशु बन्ध्याकरण, पशुजन्य औषधि वितरण, गोवर परीक्षण, पशुहरुमा रेविजविरुद्धको खोप, उन्नतजातको विउ विजन वितरण, विभिन्न अनुदानका सूचना माग गर्ने, कृषक समूह दर्ता/नविकरण, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व सेवा, गर्भवती परीक्षण, क्षयरोग परीक्षण, सुगर, प्रेसर परीक्षण लगायतका सेवा प्रदान गरिएको छ । नगरपालिकाले गत आइतबारदेखि नगरभित्रका वडामा एकिकृत घुम्ती शिविर सञ्चालन गरेको छ । नगरपालिकाबाट हुने सेवाहरु लिन केन्द्रमा पुग्न नागरिकलाई झन्झटिलो हुनुको साथै समय र खर्चिलो हुने हुँदा वडामै पुगेर सबै सेवाहरु एकै ठाउँबाट प्रवाह गर्न थालिएको वडा अध्यक्ष रावलले बताए ।** ***तस्वीर : मनिषा आले / एनजेडी***

# रामपुरमा किशोर -किशोरी प्रजनन् स्वास्थ्य कार्यक्रम

**पाल्पा,** कार्तिक १३/जिल्लाको रामपुरमा किशोर-किशोरी प्रजनन् स्वास्थ्य तथा महिला वित्तीय साक्षरता कार्यक्रम भएको छ । रामपुर -१० वडा कार्यालयको आयोजनामा कार्यक्रम भएको हो ।

नगर प्रमुख रमण बहादुर थापाले कार्यक्रमलाई सम्बोधन गर्दै विभिन्न समयमा हुने सचेतनात्मक कार्यक्रमले मानिसलाई सचेत बनाउने भन्दै यस्ता कार्यक्रम महत्वपूर्ण हुने बताए । मानिसको सफल जीवन र सकारात्मक सौंचको विकासका लागि चेतनामूलक कार्यक्रम आवश्यक रहेको उनले उल्लेख गरे । हरेक किशोर किशोरीको अवस्थामा विभिन्न स्वास्थ्य समस्या आईपर्ने र उक्त समस्या समाधानका लागि स्वयम सचेत हुनुपर्नेमा नगर प्रमुख थापाले जोड दिए ।

उनले आर्थिक समृद्धिका लागि वित्तीय साक्षरताको आवश्यकता रहेको उल्लेख गर्दै सुरक्षित भविष्यका लागि बचत गर्ने बानिको विकास संगै आर्थिक समृद्धिका लागि सहि लगानीको ज्ञान महत्वपूर्ण हुने बताए । कार्यक्रममा



वडा अध्यक्ष तोयानाथ सारु थापाले सकारात्मक सौंचसँगै किशोर किशोरी र महिला दिदिबहिनीहरुमा स्वास्थ्यसँगै वित्तीय जानकारी गराउनका लागि कार्यक्रमको आयोजना गरिएको बताए । कार्यक्रममा डाक्टर दिलिप कार्कीले प्रजनन स्वास्थ्य र कृषि विकास बैंक रामपुर शाखा प्रमुख केशवराज डोटेलले वित्तीय साक्षरता सम्बन्धी सहजिकरण गरेका थिए ।

वडा अध्यक्ष थापाको अध्यक्षता, वडा सदस्य सुमित्रा बर्मेलीको स्वागत, वडा सचिव सुनिता भण्डारीको सञ्चालनमा कार्यक्रम भएको थियो ।

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई